# भन्सार समाचार
## Customs News

भन्सार र वातावरण हाम्रो प्राकृतिक सम्पदाहरूको संरक्षण गरौं (Customs and the environment : protecting our natural heritage)

वर्ष - १ अङ्क-९ | २०६६ साल मंसिर ( November-December 2009) | मासिक


# नेपाल चीन सीमा भन्सार समन्वय र सहयोग बैठक सम्पन्न

नेपाल तथा चीनको स्वशासित क्षेत्र तिब्बतका भन्सार प्रशासनबीच समन्वय र सहयोगमा थप अभिबृद्धि गर्ने विषयमा उप-महानिर्देशक स्तरीय २२ औं बैठक सम्पन्न भएको छ। ५-९ नोभेम्बरमा काठमाण्डौंमा सम्पन्न सो बैठकको नेतृत्व नेपालको तर्फबाट भन्सार विभागका उप-महानिर्देशक लालशंकर घिमिरे तथा चीनको स्वशासित क्षेत्र तिब्बतका तर्फबाट ल्हासा भन्सारका उप-महानिर्देशक Wang Jia ले गर्नु भएको थियो। बैठक प्रत्येक वर्ष दुई देशबीच पालै पालो गरी आयोजना गरिन्छ। बैठकमा दुई देशको भन्सार प्रशासनबीच एक समझदारीपत्रमा हस्ताक्षर भएको छ। दुवै तर्फका उप-महानिर्देशकहरूबाट हस्ताक्षरित सो समझदारीपत्र दुई देशबीचका वर्तमान सन्धिहरूको प्रावधान र मनसाय बमोजिम दुई देशका भन्सार प्रशासनबीच व्यापार




सहजिकरणमा बृद्धि, अनाधिकृत व्यापार र चोरी निकासी पैठारी नियन्त्रण, भौतिक संरचनामा सुधार, सूचना आदान प्रदान लगायत आपसी सहयोग बृद्धि तर्फ लक्षित रहेको छ।

# वातावरण विरुद्धको अपराध नियन्त्रण बैठकमा भन्सारको सहभागिता

वातावरण विरुद्धको अपराध नियन्त्रण गर्न एकजुट हुने प्रयोजनको लागि गत अक्टोबर १२ देखि १५ सम्म थाइल्याण्डको




पर्यटकीय सहर चियाङ्ग मेईमा सम्पन्न Multilateral Enviromnent Agreement, Regional Enforcement Network ( MEA-REN) तेस्रो बैठकमा नेपालको भन्सार प्रशासन सहभागी भयो। बैठक स्वीडिस अन्तराष्ट्रिय विकास नियोग (SIDA) को सहयोग र संयुक्त राष्ट्रसंघीय वातावरणीय कार्यक्रमले आयोजना गरेको हो।

एसिया प्यासिफिक क्षेत्रको २४ देशका भन्सार अधिकृत, वातावरण अधिकृत तथा विभिन्न अन्तराष्ट्रिय गैरसरकारी संस्थाका ९० जना प्रतिनिधि सम्मिलित सो बैठकमा नेपालको तर्फबाट भन्सार विभागका शाखा अधिकृत सूर्य सेडाईले प्रतिनिधित्व गर्दै कार्यपत्र प्रस्तुत गर्नु भयो।बैठकमा विश्वको वातावरण विरुद्धको बढ्दो क्रियाकलाप तथा अपराधको प्रवृत्तिको विवेचना गरी सो रोक्न विभिन्न सहयोग र सहकार्यको लागि एकजुट हुने प्रण गरियो। ओजोन तहलाई विनाश तथा विस्थापन गर्ने पदार्थ (ODS) को गैरकानुनी व्यापार रोक्न र हानिकारक रसायन तथा फोहोरको बारेमा थप अध्ययन र विश्लेषण गरी यसलाई क्रमशः कम गर्दै लैजाने निर्णय गरियो।

विकसित देशहरूबाट उत्पन्न फोहोरहरू तथा ती देशहरूमा प्रयोग भइसकेका थोत्रा इलेक्ट्रोनिक्स सामानहरू विकासोन्मुख देशहरूमा पठाउने बढ्दो प्रचलन प्रति पनि गहिरो चिन्ता व्यक्त गर्दै त्यस्तो प्रवृत्ति रोक्न युरोप-एसिया बीचमा सहकार्य गर्ने सहमति गरियो।

बैठकले हानिकारक रसायन (ODS) , थोत्रा ईलेक्ट्रोनिक्स सामानहरूको तस्करी र अवैध ओसार पसार रोक्न भन्सार अधिकृतहरू अझै चनाखो हुनुपर्ने, उनिहरूबीचमा सूचनाको आदान प्रदान हुनु पर्ने तथा उनीहरूको क्षमताको अझै अभिवृद्धि गर्ने कार्यक्रम ल्याउनु पर्नेमा जोड दिइयो। साथै Informal Prior Consent on Import and Export of DS (IPIC) र वातावरणलाई भन्सार अधिकृतहरूले सञ्चारको औजारको रुपमा प्रयोग र विकसित गर्नुपर्ने कुरामा जोड दिइयो।

भन्सार समाचार
Customs News

प्रकाशक
भन्सार विभाग,
त्रिपुरेश्वर, काठमाडौं

प्रमुख सल्लाहकार
बोधराज निरौला

सल्लाहकार
लवराज श्रेष्ठ
डिकरदेव भट्ट
कुल राज ज्ञवाली

प्रधान सम्पादक
श्याम प्रसाद दाहाल

सम्पादक
नीरद रेग्मी

मुद्रण
सूचना प्रविधि तथा आधुनिकीकरण शाखा,
भन्सार विभाग,
काठमाण्डौ।
फो नं. ४२५९७९१, ४२५९७९३
फ्याक्स ४२५९८०८
e-mail: it@customs.gov.np

# आधुनिकीकरण सम्बन्धी अन्तराष्ट्रिय गोष्ठीमा भन्सार प्रशासन सहभागी

विश्व भन्सार सङ्गठन अन्तर्गतको Technology and Innovation Forum ले भन्सार प्रशासनको कार्यदक्षता बृद्धि तथा आधुनिकीकरणमा योगदान पुऱ्याउने उद्देश्यले आयोजना गरेको अन्तराष्ट्रिय गोष्ठीमा भन्सार विभागका महानिर्देशक बोधराज निरौला सहभागी हुनु भयो। सोही क्रममा महानिर्देशक निरौलाले विश्व भन्सार सङ्गठनका महासचिवसँग भेटघाट गर्नु भयो। भेटघाटको अवसरमा महासचिवले नेपालको भन्सार सुधारको लागि प्राविधिक सहयोग गर्ने तत्परता पनि व्यक्त गर्नु भयो।बैठक ५-६ नोभेम्बरमा बेल्जियमको राजधानी ब्रसेल्समा आयोजना भएको थियो। विश्व भन्सार सङ्गठनका निर्देशक Michael Schmitz को अध्यक्षतामा सम्पन्न गोष्ठीमा भन्सार प्रशासक, प्रविधि विशेषज्ञ, अन्तराष्ट्रिय व्यापारिक व्यक्तिहरूको सहभागिता थियो।

# स्वागत तथा विदाइ कार्यक्रम सम्पन्न

कार्तिक ४ गते भन्सार विभागको सभाकक्षमा नवनियुक्त उपमहानिर्देशक लाल शङ्कर घिमिरेको स्वागत तथा भन्सार विभागको उपमहानिर्देशकबाट त्रिभुवन विमानस्थल भन्सार कार्यालयको प्रमुख प्रशासक पदमा सरुवा हुनु भएका लवराज श्रेष्ठको विदाइ गरियो। सोही अवसरमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयको प्रमुख प्रशासकको पदबाट सार्वजनिक खरिद अनुगमन कार्यालयमा सरुवा हुनु भएका सहसचिव मुक्तिनारायण पौडेलको विदाइ समेत गरियो। भन्सार विभागका महानिर्देशक बोधराज निरौलाले उपमहानिर्देशक घिमिरेको स्वागत गर्दै अर्थ प्रशासनको लामो अनुभव भएका व्यक्तिलाई उपमहानिर्देशकको पदमा स्वागत गर्न पाउँदा खुसी लागेको धारणा व्यक्त गर्नु भयो। भन्सार विभागको उपमहानिर्देशक पदबाट त्रिभुवन विमानस्थल भन्सार कार्यालयको गतिविधिलाई नजिकबाट अवलोकन गरी सो कार्यालयमा सरुवा हुनु भएका श्रेष्ठले प्रमुख भन्सार प्रशासकको



जिम्मेवारी पूर्ण सफलताका साथ निभाउनु हुने विश्वास र शुभकामना व्यक्त गर्नु भयो। विमानस्थल भन्सार कार्यालयको प्रमुख प्रशासकको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्नु भएकोमा पूर्व प्रशासक पौडेललाई बधाई तथा धन्यवाद दिनुभयो। सरुवा हुनु भएका प्रशासक पौडेलले त्रिभुवन विमानस्थल भन्सार कार्यालयलाई बदलिँदो परिवेश तथा सुधार योजनाको भावना बमोजिम नियन्त्रण पक्षलाई सबल बनाउन, संवेदनशील वातावरणमा प्रभावकारी अन्तर निकाय समन्वय कायम गर्न, भन्सार आधुनिकीकरणमा अग्रणी भूमिका निर्वाह गर्नमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको सहयोग प्राप्त भएकोमा खुसी व्यक्त गर्नु भयो। आफ्नो कार्यकालको सफलता गत आर्थिक वर्षमा विमानस्थल भन्सार सबैभन्दा बढी प्रोत्साहन भत्ता प्राप्त गर्न सफल भएकोबाट समेत पुष्टि हुने बताउनु भयो।

# वीरगञ्ज भन्सार क्षेत्रमा तौलने यन्त्र स्थापना गरिने

भारतको रक्सौल बाट वीरगञ्ज भन्सार क्षेत्र प्रवेश गर्ने मार्गमा व्यवस्थित, आधुनिक र उच्च क्षमतायुक्त तौल पुल (Weighing Bridge) निर्माण हुन भएको छ। पुलको निर्माण ४ महिनाभित्र हुनेछ। यसको निर्माण र सञ्चालन नेपाल पारवहन तथा गोदाम व्यवस्था कं.लि. ले गर्ने नेपाल सरकारको नीतिगत निर्णय भए बमोजिम सो प्रयोजनको लागि वीरगन्ज भन्सार कार्यालय र नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी बीच कार्तिक १४ गते सम्झौता भएको छ। सम्झौता बमोजिम तौल पुल निर्माण गर्ने ख्याति प्राप्त कम्पनीको १०० म्याट्रिक टन क्षमता भएको १६ देखि १८ मिटर लम्बाइको प्लेटफर्म युक्त पुल निर्माण गरिने छ। गोदाम व्यवस्था कम्पनीले तौल पुलको सेवा उपलब्ध गराए बापत नेपाल सरकारले तोकिदिएको दर बमोजिम सेवा शुल्क लिनेछ जुन सेवा शुल्क निजी क्षेत्रले लिने शुल्क भन्दा कम हुनेछ।सेवा सञ्चालनको सर्त र कार्यविधि भन्सार विभागले निर्धारण गरे बमोजिम हुनेछ। चार महिनाभित्र कम्पनीले निर्माण सम्पन्न गरी सेवाको सुरुआत नगरेमा भन्सार प्रशासन आफैले सो को वैकल्पिक व्यवस्था गर्ने समेत सहमति भएकोछ।भन्सारमा तौलने यन्त्र किन आवस्यक पऱ्यो भनि वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत केवल भण्डारी सँग प्रश्न गर्दा यस सुविधाको स्थापना पछि भन्सार जाँचपास प्रकृया छिटो छरितो र सरल हुने तथा राजस्व चुहावट नियन्त्रण कार्य प्रभावकारी हुने हुँदा यसको स्थापना धेरै पहिले गरिनु पर्थ्यो भनि जवाफ दिनु भयो।

# भन्सार प्रशासनको राजस्व सङ्कलन सन्तोषजनक

भन्सार प्रशासन असोज महिनामा पनि लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सफल भएको छ। असोज महिनाको भन्सार प्रशासनको कुल राजस्व सङ्कलन लक्ष्य भन्दा करिब १७ प्रतिशतले बढि रहेको छ। असोज महिना सम्मको लक्ष्यको तुलनामा कुल राजस्व असुली २५ प्रतिशतले बढि रहेको छ भने गत आर्थिक वर्षको असोज महिनासम्मको तुलनामा चालू आर्थिक वर्षको असोज महिनासम्ममा कुल राजस्व असुली करिब ५६ प्रतिशतले बृद्धि भएको छ। यसरी असोज महिनाको प्रगति असोज महिनासम्मको प्रगतिको तुलनामा भने सन्तोषजनक देखिँदैन। यसो हुनुमा प्रमुख भन्सार कार्यालयहरू मध्येका मेची, तातोपानी र सुक्खा बन्दरगाह भन्सार कार्यालयहरूले असोज महिनामा लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न नसक्नु रहेको देखिन्छ। यसरी लक्ष्य अनुसार राजस्व सङ्कलन हुन नसक्नुको कारण नेपालमा दशैं तथा बङ्गलादेशमा रमजान पर्व परेकोले मेचीमा सुपारीको आयात घटेको, कोलकाता पोर्टमा गरिएको रिफर्मको कारण सुक्खा बन्दरगाहमा रेल कम आएको तथा नेपालको दशैं तथा चीनमा गणतन्त्र दिवसको सार्वजनिक विदा परेकोले आयातमा असर परेको ले राजस्व कम असुल भएको तर आगामी महिनाहरूमा लक्ष्य अनुसार राजस्व सङ्कलन हुने सम्बन्धित कार्यालयका कार्यालय प्रमुखहरू बताउनु हुन्छ। असोज महिनासम्मको कार्यालयगत राजस्व सङ्कलनको अवस्था तलको तालिकाले देखाउदछ।

**आ.ब. २०६५।०६६ र २०६६।०६७ असोज महिनाको राजस्व असूली बिवरण (भन्सार महशुल, मू.अ.कर र अन्तशूल्क) रु.000 मा**

| भन्सार कार्यालय | २०६५।६६ | | २०६६।६७ | | | | | गत आ.ब.को असोज महिना सम्मको असुलिको तुलनामा प्रतिशत | आ.ब.०६६।६७ असोज महिनासम्मको | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | असोज महिनाको असुली | असोज महिनासम्मको असुली | असोज महिनाको लक्ष्य | असोज महिनाको असुली | लक्ष्यमा असुली प्रतिशत | असोज महिनासम्मको लक्ष्य | असोज महिना सम्मको असुली | | लक्ष्यमा असुली वृद्धि वा ह्रास प्रतिशत | लक्ष्यमा घटी वा बढी रकम |
| पशुपतिनगर | 418 | 872 | 517 | 178 | -65.54 | 1071 | 575 | -34.06 | -46.31 | -496 |
| मेची | 103815 | 320560 | 127631 | 96737 | -24.21 | 391145 | 392626 | 22.48 | 0.38 | 1481 |
| विराटनगर | 420850 | 1167331 | 509408 | 644719 | 26.56 | 1401640 | 1818950 | 55.82 | 29.77 | 417310 |
| सुनसरी | 185 | 916 | 240 | 2587 | 977.92 | 1157 | 14955 | 1532.64 | 1192.57 | 13798 |
| राजबिराज | 0 | 87 | 2550 | 374 | -85.33 | 7650 | 3042 | 3396.55 | -60.24 | -4608 |
| सिराहा | 1224 | 2734 | 1999 | 2566 | 28.37 | 5813 | 9162 | 235.11 | 57.62 | 3349 |
| जनकपुर | 4183 | 24351 | 5111 | 6869 | 34.39 | 29513 | 15168 | -37.71 | -48.61 | -14345 |
| जलेश्वर | 5824 | 13961 | 7122 | 28606 | 301.66 | 16482 | 69803 | 399.99 | 323.50 | 53321 |
| सर्लाही | 4452 | 8328 | 5559 | 6512 | 17.13 | 11094 | 16276 | 95.44 | 46.71 | 5182 |
| गौर | 3564 | 8234 | 4385 | 9281 | 111.64 | 10148 | 20481 | 148.74 | 101.82 | 10333 |
| वीरगन्ज | 2074303 | 6681074 | 2568519 | 3418293 | 33.08 | 8229761 | 10676368 | 59.80 | 29.73 | 2446607 |
| सुक्खा बन्दरगाह | 411272 | 1069597 | 502248 | 242379 | -51.74 | 1342897 | 1128412 | 5.50 | -15.97 | -214485 |
| भैरहवा | 399217 | 1192575 | 482298 | 747845 | 55.06 | 1437117 | 2219120 | 86.08 | 54.41 | 782003 |
| कृष्णनगर | 46977 | 90658 | 58582 | 73058 | 24.71 | 113651 | 147575 | 62.78 | 29.85 | 33924 |
| कोइलावास | 0 | 0 | 60 | 362 | 503.33 | 180 | 713 | 0.00 | 296.11 | 533 |
| नेपालगन्ज | 112872 | 283941 | 138960 | 174914 | 25.87 | 350752 | 462134 | 62.76 | 31.76 | 111382 |
| राजापुर. | 314 | 569 | 387 | 939 | 142.79 | 691 | 2053 | 260.81 | 197.00 | 1362 |
| कैलाली | 8779 | 52953 | 10598 | 19460 | 83.61 | 63747 | 78689 | 48.60 | 23.44 | 14942 |
| कंचनपुर | 2456 | 5883 | 2950 | 3566 | 20.89 | 7150 | 8116 | 37.96 | 13.51 | 966 |
| महाकाली | 25 | 240 | 70 | 90 | 28.57 | 210 | 583 | 142.92 | 177.20 | 373 |
| त्रि. विमानस्थल | 245526 | 727057 | 300151 | 271860 | -9.43 | 888428 | 977981 | 34.51 | 10.08 | 89553 |
| तातोपानी | 100824 | 282240 | 178169 | 149563 | -16.06 | 488927 | 607193 | 115.13 | 24.19 | 118266 |
| भोट तर्फ | 0 | 30 | 110 | 142 | 29.09 | 330 | 163 | 443.33 | -50.67 | -167 |
| **जम्मा** | 3947080 | 11934191 | 4907360 | 5900900 | 20.25 | 14799123 | 18670138 | 56.44 | 26.16 | 3871015 |
| भारतीय अ:शु | 217684 | 333971 | 260000 | 120766 | -53.55 | 460000 | 447724 | 34.06 | -2.67 | -12276 |
| **कूल जम्मा** | 4164764 | 12268162 | 5167360 | 6021666 | 16.53 | 15259123 | 19117862 | 55.83 | 25.29 | 3858739 |

# भन्सार सहजिकरण तथा स्वचालन सम्बन्धमा छलफल सम्पन्न

भन्सार सहजिकरण, आधुनिकीकरण तथा स्वचालन सम्बन्धमा हाल सम्म भएको प्रगति तथा भावी योजना सम्बन्धमा एक छलफल तथा अन्तरक्रिया कार्यक्रम हालै भन्सार विभागको सभाकक्षमा सम्पन्न गरियो।भन्सार विभागका महानिर्देशक बोधराज निरौला तथा उपमहानिर्देशक लाल शंकर घिमिरेको उपस्थितिमा सम्पन्न कार्यक्रममा नेपाल च्याम्बर अफ कमर्स, नेपाल राष्ट्रिय व्यापार संघ, नेपाल उद्योग वाणिज्य महासंघ, भन्सार एजेन्ट महासंघ, नेपाल राष्ट्रिय उद्योग व्यापार सङ्गठन, नेपाल पेय पदार्थ तथा चुरोट उद्योग संघ, नेपाल उद्योग परिसंघ, भ्वाइज अफ नेपाल, नेपाल भारत उद्योग वाणिज्य संघ लगायतका निजी क्षेत्रका संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा भन्सार विभाग आधुनिकीकरण शाखाका निर्देशक श्यामप्रसाद दाहालले त्रिभुवन विमानस्थल भन्सारको स्वचालन तथा खासगरी ब्रोकर मोडेल तथा सेलेक्टिभिटि मोडेलको कार्यान्वयनको प्रगति र अनुभवको जानकारी गराउनु भयो। सो मोडेलहरू निकट भविष्यमानै प्रमुख भन्सार कार्यालयहरूमा लागु गरिने जानकारी गराउँदै सो को सफल कार्यान्वयन को लागि राय सुझाब दिन अनुरोध गर्नु भयो।उपस्थित विशिष्ट उद्यमी व्यवसायीहरूले ब्रोकर मोडेल तथा सेलेक्टिभिटि



मोडेलको प्रयोग भन्सार सहजिकरण र स्वचालनको लागि अपरिहार्य भएको जानकारी भइसकेको हुँदा यसको लागि जे जस्तो सहयोग आवश्यक हुन्छ उपलब्ध गराउन उद्यमी व्यवसायीहरू सदा तत्पर रहने जानकारी गराउनु भयो। भन्सार एजेन्ट महासंघका अध्यक्ष जयप्रसाद सिवाकोटी त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा यी मोडेलेहरूको प्रयोगले भन्सार सहजिकरणमा उल्लेखनीय सुधार हुनुको साथै भन्सार प्रशासनको नैतिकता र सदाचारमा समेत उल्लेखनीय सुधार भएको जानकारी गराउनु भयो।

# जाँचपास परीक्षण कार्यालयको स्थापना

नेपाल सरकार, अर्थ मन्त्रालयको चालू आर्थिक वर्षको बजेट वक्तव्य, राजस्व नीति तथा कार्यक्रममा भन्सार जाँचपास परीक्षण कार्यालय (PCA Office) स्थापना गरी आगामी तीन महिना भित्र कार्य सञ्चालन गरिने छ भन्ने व्यवस्था बमोजिम PCA कार्यालय स्थापना गरिएको छ। नेपाल सरकार मन्त्री परिषदको मिति २०६६।६।४ को निर्णयबाट यस कार्यालयको सङ्गठन संरचनालाई स्वीकृत प्रदान भई सो अनुसार निजामती किताबखानामा पद दर्ता सम्बन्धी औपचारिक प्रक्रिया समेत पूरा भइसकेको छ। राजपत्रांकित द्वितिय श्रेणी, राजस्व समूहको उपसचिव सरह कार्यालय प्रमुख समेत २२ जना कर्मचारी रहने उक्त कार्यालयमा चार्टर्ड एकाउन्टेन्ट र सूचना विश्लेषक सहित २ जना कर्मचारी करार नियुक्त गर्ने व्यवस्था गरिएको छ। हाल भन्सार विभागको माथिल्लो तलामा कार्यालय स्थापना गरी PCA सम्बन्धी काम सुरु भइसकेको छ। PCA कार्यालय स्थापना पश्चात् नेपालले WCO को GATT Valuation र WCO को क्योटो कन्भेन्सनले निर्देशित गरेका प्रावधानलाई पूर्ण कार्यान्वयन ल्याउने तयारी गरिरहेको छ। भन्सार विभाग र भन्सार कार्यालयहरू समेत विभिन्न २३ वटा निकायले आर्थिक वर्ष २०६०।६१ देखि नै PCA सम्बन्धी काम गर्दै आएकोमा PCA कार्यालय स्थापना पश्चात् PCA सम्बन्धी सम्पूर्ण काम अब एउटै निकायबाट सञ्चालन हुनेछ। जोखिमका सूचकहरू तयार गरी सो सूचकको आधारमा छनौट प्रणालीको अवलम्बन गरी परीक्षण गर्ने नीति मुताबिक विभिन्न सूचकहरू तयार गरी कार्यालयले औपचारिक रुपमा परीक्षण सम्बन्धी काम सुरु गरिसकेको छ। भन्सार प्रशासनलाई अधिकृतमुखी बनाउँदै लैजाने प्रावधान अनुरूप भन्सार स्वचालित प्रणालीद्वारा विस्तृत परीक्षणको लागि छनौट गरेको अवस्थामा बाहेक भन्सार अधिकृतले सामानको भौतिक परीक्षण नै नगरी एकल अधिकार प्रयोग गरी तत्कालै जाँचपास गर्दा भन्सार प्रक्रिया निकै सरल हुने र भन्सार नाकामा हुने अत्यधिक व्यस्तता कम हुन गई जाँचपास छिटो छरितो रुपमा हुने देखिन्छ। यही प्रयोजनको लागि जाँचपास परीक्षण कार्यालयलाई निकै सक्रिय बनाई हुन सक्ने सम्भावित राजस्व चुहावटलाई कम गर्ने तथा आयात गर्दा भन्सार विन्दुमा नै न्यूनविजकिकरण गरी मूल्य अभिवृद्धि.कर, अन्तःशुल्क तथा आयकर लगायत समग्र क्षेत्रमा समेत पर्न सक्ने नकारात्मक असरलाई निरूत्साहित गर्ने तथा राजस्व चुहावट नियन्त्रण गरी राजस्व असुलीमा वृद्धि हुने अपेक्षा गरिएको छ।आ.व. २०६०।६१ देखि भन्सार विभागको मूल्याङ्कन शाखा र सम्बन्धित भन्सार कार्यालयहरूबाट सम्पादित हुँदै आएको भन्सार जाँचपास परीक्षण सम्बन्धी कार्यलाई अझ व्यवस्थित गर्न यस कार्यालयको आवश्यकता महसुस भई भन्सारविभाग अन्तर्गत छुट्टै अस्तित्व रहेको कार्यालयको स्थापना गरिएको छ।

# वीरगञ्ज भन्सार र सुक्खा बन्दरगाह भन्सार कार्यालयमा भन्सार एजेन्टबाट प्रज्ञापनपत्र प्रविष्टि र आशिकुडा प्रणालीबाट प्रज्ञपनपत्र जारी गर्ने कार्यको सुरुआत

वीरगञ्ज भन्सार कार्यालय र सुक्खा बन्दरगाह भन्सार कार्यालयहरूमा कार्तिक १६ गते देखि आशिकुडा प्रणालीको ब्रोकर मोडल लागू गरिएकोछ। यसमा भन्सार एजेन्टहरूले भन्सार कार्यालयको एजेन्ट कक्षबाट आफैले कम्प्युटरमा प्रज्ञापनपत्र प्रविष्टि गरी आशिकुडा प्रणालीले जारी गर्ने अङ्ग्रेजी प्रज्ञापनपत्रको उपयोग गर्न थालेकाछन्। यस अघि भन्सार एजेन्टहरूले हस्तलिखित प्रज्ञापनपत्र भरी भन्सार कार्यालयमा खटिएका कम्प्युटर अपरेटरबाट कम्प्युटरमा प्रविष्टि गराउने गरिएको र सीमित कम्प्युटर अपरेटरबाट प्रज्ञापनपत्र प्रविष्टि गर्दा जाँच पासमा बढी समय लाग्ने गरेको गुनासो रहेको थियो। अब भन्सार एजेन्टहरूले आफैले प्रज्ञापनपत्र प्रविष्टि गर्ने गरेकाले जाँच पासमा समय वचत हुने, प्रणालीबाट प्रज्ञापनपत्र प्रिन्ट हुने भएकाले नक्कली प्रज्ञापनपत्रको प्रयोगसमेत नियन्त्रित हुने र भविष्यमा भन्सार एजेन्टहरूले आफ्नो कार्यालयबाट प्रज्ञापनपत्र दाखिला गर्न सक्ने सुविधा विस्तार गर्नसकिने अपेक्षा गरिएकोछ।



यस भन्सार सुधार सम्बन्धी कार्यक्रमको औपचारिक आरम्भ सुक्खा बन्दरगाह भन्सार कार्यालयमा एक समारोहका बीचबाट गरियो। कार्यक्रममा दुई जना भन्सार एजेन्टहरूबीच प्रज्ञापनपत्र प्रविष्टिको प्रतियोगिता गराई छिटो प्रज्ञापनपत्र प्रविष्टि गरी भन्सार प्रमुखलाई कागजात सहित प्रज्ञापनपत्र पेश गर्ने प्रथम भन्सार एजेन्टलाई वीरगञ्ज उद्योग बाणिज्य संघका अध्यक्ष ओमप्रकाश सिकारियाबाट पुरस्कार स्वरूप भन्सार दरबन्दी पुस्तक प्रदान गरियो। कार्यक्रममा वीरगञ्ज उद्योग बाणिज्य संघका प्रथम उपाध्यक्ष अशोक टेमानी, पूर्व अध्यक्ष गणेश लाठ, भन्सार विभागका निर्देशक श्यामप्रसाद दाहाल, वीरगञ्ज भन्सार कार्यालयका प्रमुख केवलप्रसाद भण्डारी, भन्सार कार्यालयका अधिकृतहरू, भन्सार एजेन्ट महासंघका अध्यक्ष जयप्रसाद सिवाकोटी, हिमालयन टर्मिनलका कार्यकारी प्रमुख सुमन्त वोहरा, वीरगञ्ज भन्सार एजेन्ट संघका अध्यक्ष उमेश शर्मा, सुक्खा बन्दरगाह भन्सार एजेन्ट संघका अध्यक्ष लगायत भन्सार एजेन्ट एवं कर्मचारीहरूको उपस्थिति रहेको थियो। कार्यक्रमका प्रमुख अतिथि वीरगञ्ज उद्योग बाणिज्य संघका अध्यक्ष ओमप्रकाश सिकारियाले भन्सार सहजीकरणमा सुधारको कार्यक्रमले ठूलो महत्व रहने र यसमा उद्योगी व्यवशायीको पूर्ण सहयोग रहने वचनबद्धता व्यक्त गर्नु भयो। भन्सार एजेन्ट महासंघका अध्यक्ष जयप्रसाद सिवाकोटीले ब्रोकर मोडल भन्सार एजेन्टको सम्पादन छिटो गर्ने सशक्त माध्यम भएको र यसको कार्यान्वयनमा भन्सार एजेन्टको पूर्ण सहयोग रहने मन्तव्य व्यक्त गर्नु भयो। भन्सार विभागका निर्देशक श्याम दाहाले भन्सार विभागले भन्सार जाँच पासमा केही समयअघि देखि म्यानुअल दर्ता प्रणाली खारेज गरिसकेको र हाल भन्सार एजेन्टले प्रज्ञापनपत्र प्रविष्टि गर्नसक्ने र हस्तलिखित प्रज्ञापनपत्रको प्रयोगका बदलामा प्रणालीबाट जारी गरिएको अङ्ग्रेजी प्रज्ञापनपत्रको प्रयोगले भन्सार स्वचालनमा दूरगामी प्रभाव पार्ने विचार व्यक्त गर्नु भयो। कार्यक्रममा सुक्खा वन्दरगाह भन्सार कार्यालयका प्रमुख प्रमिला कार्कीले सीमावर्ती भन्सार कार्यालयमध्ये सर्वप्रथम सुक्खा बन्दरगाहमा आशिकुडाको ब्रोकर मोडल र ज्ञापनपत्र प्रणालीबाट जारी गराउने कार्यको आरम्भ गर्नपाउदा गौरवान्वित महसुस भएको मन्तव्य व्यक्त गर्नु भयो भने भन्सार अधिकृत भीम अधिकारीले समारोहमा उपस्थित सबैमा हार्दिक आभार व्यक्त गर्नुभयो।

# कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली स्वीकृत

आ.व.२०६३।६४ मा सुक्खा बन्दरगाह भन्सार कार्यालयमा परीक्षणको रुपमा लागू गरिएको कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको सकारात्मक प्रभावको परिणाम स्वरूप यस प्रणालीलाई विस्तार एवं निरन्तरता दिने क्रममा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६६।५।३० को निर्णयअनुसार गत आ.व.देखि लागू भएको कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली चालू आ.व.मा पनि साविकको कार्यालयहरूको लागि स्वीकृत भएको छ। अर्थात् गत आ.व. सम्ममा यो प्रणाली भन्सार विभाग अन्तर्गत रहेका भन्सार कार्यालयहरू मध्ये उत्तरी सीमाको तातोपानी मात्र, त्रि.वि.भन्सार र दक्षिणी सीमाका सबै २० वटा गरी जम्मा २२ वटा भन्सार कार्यालयहरूमा लागू भएकोमा चालू आ.व.को लागि समेत उक्त २२ वटा कार्यालयहरूको लागि मात्र यो प्रोत्साहन भत्ता प्रणालीले निरन्तरता पाएको छ। यो प्रणाली बमोजिम कार्यालयका सम्पूर्ण कर्मचारीहरूले आफ्नो तलबको सुरु स्केलको अधिकतम २०० प्रतिशतसम्म प्रोत्साहन भत्ता पाउन सक्ने प्रावधान रहेको र यस्तो प्रोत्साहन भत्ता गणनाको लागि प्रत्येक कार्यालयले गर्ने कामको विभिन्न परिसूचक निर्धारण गरी प्रत्येक परिसूचकको लागि छुट्टा छुट्टै प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ। प्रत्येक महिना

कार्यालयहरूले जुन जुन परिसूचकमा तोकिए बमोजिमको लक्ष्य हासिल गरेको छ , तत् तत् परिसूचकमा व्यवस्था भएको प्रोत्साहन भत्ता पाउने व्यवस्था यस प्रणालीमा छ। यस्ता परिसूचक गत आ.व.सम्म कार्यालयगत तहमा निर्धारण गरिएको अर्थात् कार्यालयको लागि कुनै महिनाको स्वीकृत प्रोत्साहन भत्ता प्रत्येक कर्मचारीले समान रुपमा (आ-आफ्नो तलबस्केलको आधारमा हुने भत्ता) पाउने व्यवस्था रहेकोमा नेपाल सरकार (अर्थमन्त्री स्तर) को मिति २०६६।७।८ को निर्णयअनुसार चालू आ.व.को श्रावण देखि असोजसम्म गत आ.व.कै परिसूचकको आधारमा अर्थात् कार्यालयगत रुपमा नै र चालू आ.व.को कात्तिक महिना देखिको हकमा आंशिक कार्यगत रुपमा यस्तो भत्ता पाउने गरी परिसूचकहरूमा शंसोधन एवं परिमार्जन गरिएको छ। परिमार्जित परिसूचक अर्थात् आंशिक कार्यगत परिसूचक अनुसार कार्यालयका काम मध्ये राजश्व सङ्कलन बाहेकका अन्य कामलाई मुख्यतयः दुई वटा शाखा (भन्सार सञ्चालन शाखा र भन्सार नियन्त्रण शाखा) अन्तरगत राखी परिसूचकमा निर्दिष्ट गरिएको छ। राजश्व सङ्कलनको हकमा सबै कर्मचारीको महत्वपूर्ण भुमिका रहने कुरा महसुस गरी राजश्व सङ्कलन परिसूचक उक्त दुवै शाखामा व्यवस्था गरिएको छ। कार्यालय प्रमुखले अन्य सबै कर्मचारीलाई दुई वटा शाखा अन्तरगत राखी अग्रिम जिम्मेवारी तोक्नुपर्ने र यसरी तोकिएको शाखाका कर्मचारीले शाखागत परिसूचकको प्रगतिको आधारमा मासिक अधिकतम २०० प्रतिशतसम्म (सुरु तलब स्केलको) प्रोत्साहन भत्ता प्राप्त गर्ने व्यवस्था छ भने कार्यालय प्रमुखको हकमा दुवै शाखाको प्रगतिको आधारमा समानुपातिक हिसाबले परिसूचकमा व्यवस्था भए बमोजिम मासिक अधिकतम २०० प्रतिशतसम्म (सुरु तलब स्केलको) प्रोत्साहन भत्ता प्राप्त हुने व्यवस्था गरिएको छ।

## आशिकुडा Steering committee बैठक सम्पन्न

सडक विभाग अन्तर्गत एसियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित Sub-Regional Transport Facilitation Project (STFP), ASYCUDA Component, Project Steering Committee को पाँचौ बैठक भन्सार विभागका महानिर्देशक तथा सो कमिटीका अध्यक्ष श्री बोधराज निरौलाको अध्यक्षतामा भन्सार विभागमा २३ अक्टोबरका दिन सम्पन्न भयो। बैठकमा एसियाली विकास बैंक आयोजना निर्देशनालय, UNCTAD, अर्थमन्त्रालय र आन्तरिक राजस्व विभागको समेत प्रतिनिधित्व रहेको थियो। बैठकको प्रारम्भिक सत्रमा महानिर्देशक निरौलाले भन्सार प्रशासन सुधार र आधुनिकीकरणको मार्गमा द्रुत गतिमा रणनीतिक व्यवस्थापनका



साथ अगाडि बढि रहेको तथा यसको लागि ९ वटा मुख्य रणनीतिका साथ तेस्रो चार वर्षीय योजनाका कार्यान्वयनमा रहेको जानकारी गराउनु भयो।आशिकुडा आयोजना भन्सारको स्वचालनको पूर्वाधार भएको तथा भन्सारको स्वचालनको लागि भन्सार प्रशासन सर्त रहित रुपमा प्रतिवद्ध रहेको जानकारी गराउनु भयो। साथै वहाँले भन्सार प्रशासन प्रमुख नाकाहरूमा वृहत् क्षेत्र सञ्जाल (WAN) को स्वरूपमा भन्सार जाँचपासमा छनौट प्रणाली र ब्रोकर प्रणाली लागु गर्न गइरहेको हुँदा आगामी चार महिना भन्सार प्रशासनको लागि संवेदनशील र महत्वपूर्ण हुने जानकारी गराउनु भयो।बैठकमा ASYCUDA Project को हालसम्मको प्रगतिको समीक्षा गरियो जसमा UNCTAD का प्रतिनिधि Renaud Massenet र आयोजनाका Project Manager श्यामप्रसाद दाहालले Asycuda project को हालसम्मको प्रगति तथा समस्याहरूको विवरण प्रस्तुत गर्नु भयो। UNCTAD का प्रतिनिधि Massenet ले आयोजनाको पछिल्लो एक वर्षको प्रगति उल्लेखनीय रहेकोले UNCTAD आयोजनाको लागि सहयोग अवधि थप गर्न तयार रहेको जानकारी गराउनु भयो। उप-महानिर्देशक घिमिरेले भन्सार स्वचालन र आधुनिकीकरणको लागि आफू सदा प्रतिवद्ध रहने प्रतिवद्धता व्यक्त गर्दै आयोजना प्रतिको भन्सारको स्थानीय आवश्यकता र मागको अविलम्ब पूर्तिको गर्न सक्ने एक सक्षम सयन्त्रको विकास गर्न, निर्माणोन्मुख मेची सुक्खा बन्दरगाहको स्वरूप र स्वचालन बीच तालमेल गर्न विशेष ध्यान दिन तथा WAN को क्षमता विस्तार द्वारा सीमा भन्सार र भारतको कोलकाता बन्दरगाहसम्म सम्पर्क स्थापना गर्न सकिने सम्भावनाको अध्ययन गर्न निर्देशन दिनु भयो। महानिर्देशक निरौलाले आयोजनाको बाँकी कार्य तदारुकताका साथ सम्पन्न गरी आयोजनाले परिलक्षित गरेको कार्यक्रम पूरा गर्न प्रकृया भन्दा बढी परिणाममा केन्द्रित हुन निर्देशन दिनुभयो।

प्रकाशक : भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं। फो नं.४२५९७९१, ४२५९७९३ फ्याक्स:४२५९८०८